# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
## Rasuwagadhi Hydropower Company Limited

## प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer–CEO) पदमा खुला प्रतिस्पर्धाबाट पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८३/०४/११)

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडका लागि प्रमुख कार्यकारी अधिकृत खुला प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति गर्नुपर्ने भएकाले योग्य, सक्षम तथा अनुभवी नेपाली नागरिकबाट देहाय बमोजिम दरखास्त आह्वान गरिन्छ ।

**१. पदको विवरणः**

**पदः** प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer–CEO), **पद संख्याः** १ (एक), **नियुक्तिको प्रकारः** करार, **कार्यकालः** बढिमा ४ वर्ष

**२. न्यूनतम शैक्षिक योग्यता तथा व्यावसायिक अनुभवः**

**दरखास्त दिने उम्मेदवारले देहाय बमोजिमको न्यूनतम योग्यता हासिल गरेको हुनुपर्नेछ :**

- इलेक्ट्रिकल/मेकानिकल/सिभिल इन्जिनियरिङ वा व्यवसाय प्रशासन (Business Administration) मा स्नातकोत्तर (Master's) तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १० (दश) वर्षको व्यावसायिक अनुभव भएको; वा
- इलेक्ट्रिकल/मेकानिकल/सिभिल इन्जिनियरिङमा स्नातक (Bachelor's) तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १२ (बाह्र) वर्षको व्यावसायिक अनुभव भएको ।

**३. देहायका अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ :**

- जलविद्युत आयोजनाको निर्माण कार्यमा अधिकृत स्तर वा सो भन्दा माथिल्लो पदमा कार्य गरेको अनुभव;
- जलविद्युत् कम्पनीको प्रमुख कार्यकारी अधिकृत (CEO), कार्यकारी प्रमुख वा वरिष्ठ व्यवस्थापकीय तहमा कार्य गरेको अनुभव ।

**४. उमेर हद :**

दरखास्त दिने अन्तिम मितिसम्म उम्मेदवारको उमेर ४० वर्ष पूरा भई ६० वर्ष ननाघेको हुन पर्नेछ ।

**५. पेश गर्नुपर्ने कागजातः**

आवेदकले कम्पनीको कार्यालय तथा कम्पनीको Website बाट प्राप्त गर्नुहुने दरखास्त फारममा उल्लेखित सम्पूर्ण कागजातहरू दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**६. छनोट प्रक्रियाः**

उम्मेदवारको छनोट प्रक्रिया ToR मा उल्लेख भए बमोजिम हुनेछ ।

**७. पारिश्रमिक तथा सुविधाः**

पारिश्रमिक, सेवा/सुविधा तथा अन्य शर्तहरू कम्पनीको प्रचलित नियम तथा आपसी सहमतिमा तय हुनेछ ।

**८. दरखास्त पेश गर्ने तथा आवश्यक कागजातहरू प्राप्त गर्ने तरिकाः**

- इच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कार्यालय समय भित्र आवश्यक कागजात सहित कम्पनीको कार्यालयः काठमाडौं महानगरपालिका, वडा नं. ३, धुम्बाराही (चिलिमे टावरको तेस्रो तल्ला), काठमाडौं, फोन नं. ०१/४३७१७४४, ४३७१७९४ मा वा सम्पूर्ण कागजातहरू Scan गरी cs@rghpcl.com.np मा पेश गर्नु पर्नेछ ।
- दरखास्त फारम तथा सोसंग सम्बन्धित कार्यक्षेत्रगत शर्त (Terms of Reference–ToR) लगायतका आवश्यक कागजातहरू यस कम्पनीको कार्यालय तथा कम्पनीको वेवसाइटः www.rghpcl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

**रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड**
**प्रमुख कार्यकारी अधिकृत नियुक्ती सिफारिस उपसमिति**